# फलामे सुधारिएको चुलो



फलाम (धातु) द्वारा निर्मित दाउरा र समयको वचत हुने चुलोहरूलाई फलामे सुधारिएको चुलो भनिन्छ । हाल केन्द्रबाट प्रवर्द्धित विभिन्न प्रकारका फलामे सुधारिएको चुलो उच्च हिमाली क्षेत्रमा खाना पकाउनका साथै कोठा तताउने प्रयोजनका लागि उपयोगी छन् । यसमा धुवाँको निकासका लागि फलामकै चिम्नी, हावाको मात्रा मिलाउन एयरभेन्ट र आगोलाई भाँडासम्म पुऱ्याउन ड्याम्परको व्यवस्था गरिएको हुन्छ ।



**फाइदाहरूः**

- खाना पकाउन, पानी र कोठा तताउन उपयुक्त
- करिब ४० प्रतिशत दाउरा खपतमा कमी
- उच्च पहाडी र हिमाली क्षेत्रमा निकै लोकप्रिय
- बढी समय टिक्ने
- स्वास्थ्यमा असर नपर्ने

**बेफाइदाहरूः**

- कारखानामा बनाउनु पर्ने र दक्ष जनशक्ति आवश्यक
- ढुवानी गर्नुपर्ने
- तुलनात्मक रूपमा बढी लागत लाग्ने, निश्चित आकार र ढाँचामा मात्र उपलब्ध हुने

**सुधारिएको फलामे चुलोका प्रकारहरूः**

### १) दुई मुखे वा तीन मुखे फलामको सुधारिएको चुलो

उच्च पहाडी र हिमाली क्षेत्रमा खाना पकाउन र कोठा तताउने प्रयोजनका लागि बजारमा दुई मुखे वा तीन मुखे फलामे सुधारिएको चुलोहरू पाइन्छन् । यी चुलोहरूमा आवश्यक्ता अनुसार तातो पानीका लागि ब्याक बोइलर (Back Boiler) र ट्याङकी राख्न सकिन्छ । हाल प्रवर्द्धित यी मोडलका चुलाहरू विशेष गरी घरायसी प्रयोजनका लागि उपयुक्त हुन्छ ।

### २) संस्थागत फलामको सुधारिएको चुलो

उच्च पहाडी र हिमाली क्षेत्रमा रहेका चिया पसल, होटेल, विद्यालय, अस्पताल, स्वास्थ्य केन्द्र, धार्मिक स्थल, प्रहरी चौकी तथा सैनिक ब्यारेक जस्ता संस्थामा धेरै मानिसका लागि ठुलो भाँडामा खाना पकाउन र कोठा तताउने प्रयोजनका लागि प्रयोग गरिने फलामे चुलोलाई संस्थागत फलामे सुधारिएको चुलो भनिन्छ ।

### ३) एक वा दुई मुखे फलामको रकेट चुलो

रकेट सिद्धान्तमा आधारित फलामले बनेको एक प्रकारको खाना पकाउने चुलोलाई फलामको रकेट चुलो भनिन्छ । यसको मुख्य विशेषता भनेको नै चुलोको भित्री भागमै लामो ठाडो खालको जलन कक्ष प्रयोग हुनु हो, जसले जलन कार्यलाई सुरक्षित बनाउँछ । रकेट चुलोमा स-साना दाउराको नियन्त्रित प्रयोग गरी हावाको उचित मात्रा मिलाई ज्वलन कक्षमा उच्चतम तापक्रममा दाउरा बालेर भाडोको पिँधमा यथेष्ठ ताप प्राप्त हुन्छ । यस प्रकारको चुलोमा निकै कम मात्रामा धुवाँ निस्कन्छ । अन्य चुलोले झैं रकेट चुलोबाट खाना पकाउने र कोठा तताउने जस्ता कार्य गर्न सकिन्छ ।

### फलामे सुधारिएको चुलो प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू

- ड्याम्परको सही प्रयोग गर्ने ।
- चुलोमा काम गर्दा चिम्टाको प्रयोग गर्ने ।
- चुलोको प्रयोग नभएको मुखबाट तापखेर जान नदिन किट्लीमा पानी तताउने
- समय समयमा चुलो सफा गरी तेल दल्ने ।





# अनुदानको व्यवस्था

नवीकरणीय ऊर्जा अनुदान नीति २०६९ र नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि २०७० मा उल्लेख भए अनुसार समुन्द्री सतहबाट १,५०० मिटर वा सो भन्दा माथिको उचाइमा रहेको उच्च हिमाली तथा पहाडी क्षेत्रका लागि फलामे चुलोमा अनुदानको व्यवस्था गरिएको छ । वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र/जैविक ऊर्जा सव-कम्पोनेन्टमार्फत उच्च पहाडी भेगका लागि खाना पकाउने तथा कोठा तताउने प्रयोजनका लागि सुधारिएको फलामे चुलो प्रबर्द्धन गर्न निम्नानुसारको अनुदानको व्यवस्था गरेको छ ।

| प्रकार | अनुदान |
|---|---|
| घरायसी प्रयोजनका लागि प्रयोग हुने एक वा दुई मुखे फलामको सुधारिएको चुलो | रु. ३,०००/- तर चुलोको कूल खरिद मूल्यको ५० प्रतिशतभन्दा बढी हुनु हुदैंन । |
| घरायसी प्रयोजनका लागि प्रयोग हुने तीन मुखे फलामको सुधारिएको चुलो | रु. ४,०००/- तर चुलोको कूल खरिद मूल्यको ५० प्रतिशतभन्दा बढी हुनु हुदैंन । |
| सार्वजनिक स्थल वा संस्थामा खाना पकाउने र कोठा तताउने प्रयोजनका लागिप्रयोग हुने फलामको सुधारिएको चुलो | रु. २०,०००/- तर चुलोको कूल खरिद मूल्यको ५० प्रतिशतभन्दा बढी हुनु हुदैंन । |
| एक वा दुई मुखे फलामको रकेट चुलो | रु. २,०००/- तर चुलोको कूल खरिद मूल्यको ५० प्रतिशतभन्दा बढी हुनु हुदैंन । |
| नेपाल सरकारले पहिचान गरेका एकल महिला, पिछडिएका वर्ग, विपत्ति पीडित, गरिव, द्वन्द्ववाट प्रभावित तथा लोपोन्मुख जातिका घरपरिवारलाई फलामको सुधारिएको चूलो | रु. १,००० अनुदान रकम प्रति चूलो प्रति घरधुरी थप उपलब्ध गराइनेछ । |

यदि तपाई पनि अनुदानमा फलामे चुलो खरिद गर्न चाहनुहुन्छ भने आफ्नो नजिकमा रहेका वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्रबाट मान्यता प्राप्त उत्पादनकर्ताका शाखा/डिलरमा सम्पर्क राख्न सक्नुहुनेछ ।

नेपाल सरकार
जनसंख्या तथा वातावरण मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम/जैविक ऊर्जा सव-कम्पोनेन्ट**
सम्पर्क: पोष्ट बक्स नं.: १४३६४, खुमलटार, ललितपुर, नेपाल, फोन नं. +९७७-१-५५३९३९० फ्याक्स: +९७७-१-५५४२३९७